# नगर प्रमुख तथा गा.पा. अध्यक्षज्यूसँगको परिचय तथा अन्तर्क्रिया बैठक

## २०७७ चैत्र ०६ गते शुक्रबार

आज मिति २०७७/१२/०६ गते शुक्रबार जिल्ला प्रशासन कार्यालय, सर्लाहीका श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको आयोजना एवम् अध्यक्षतामा तपसिलबमोजिमका नगर प्रमुखज्यू तथा गाउँपालिकाको अध्यक्षज्यूहरूको उपस्थितिमा परिचय एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी देहायबमोजिम निर्णय गरियो:—

**उपस्थिति**

| कर्मचारीको नाम थर | पद/दर्जा | कार्यालयको नाम | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| हेमराज तामाङ | प्रजिअ | जिल्ला प्रशासन कार्यालय | ९८५४०७७७७७ | |
| निरसल साह | नगर प्रमुख | मलंगवा नगरपालिका | ९८५४०६२७०० | |
| मनोज कुमार देवकोटा | नगर प्रमुख | ईश्वरपुर नगरपालिका | ९८५४०४२३३३ | |
| कौशल कुमार राय | नगर प्रमुख | कविलासी नगरपालिका | ९८५४०३५८२९ | |
| देवेन्द्र कुमार यादव | नगर प्रमुख | गोडेता नगरपालिका | ९८५४०३८८११ | |
| देवानन्द महतो | नगर प्रमुख | बरथहवा नगरपालिका | | |
| अभयकुमार सिंह | नगर प्रमुख | बलरा नगरपालिका | ९८५१२०४७४३ | |
| मान बहादुर खड्का | नगर प्रमुख | लालबन्दी नगरपालिका | ९८५४०३९३०० | |
| भरत कुमार थापा | नगर प्रमुख | वागमती नगरपालिका | | |
| जमरूदिन मनसुरा | नगर प्रमुख | हरिपुर नगरपालिका | ९८५४०८०१११ | |
| सियाराम राय | नगर प्रमुख | हरिपूर्वा नगरपालिका | ९८४४११२०४९ | |
| गणेशप्रसाद प्रसाई | नगर प्रमुख | हरिवन नगरपालिका | | |
| रामप्रसाद राय यादव | अध्यक्ष | कौडेना गाउँपालिका | ९८५४०३९२०९ | |
| विक्रम यादव | अध्यक्ष | चक्रघट्टा गाउँपालिका | | |
| महेन्द्र महतो | अध्यक्ष | चन्द्रनगर गाउँपालिका | ९८५४०३६७९८ | |
| रामआश्रय साह | अध्यक्ष | धनकौल गाउँपालिका | ९८५४०३८६१६ | |
| कृष्णदेव राय यादव | अध्यक्ष | पर्सा गाउँपालिका | | |
| विनोद कुमार साह | अध्यक्ष | ब्रम्हपुरी गाउँपालिका | ९८५४०३६४९९ | |
| राम अयोध्या यादव | अध्यक्ष | बसबरिया गाउँपालिका | ९८५४०३८०६३ | |
| जवाहर राय यादव | अध्यक्ष | विष्णु गाउँपालिका | | |
| कृष्ण कुमार बर्मा | अध्यक्ष | रामनगर गाउँपालिका | | |
| रेनुका पौडेल | उपप्रमुख | हरिवन नगरपालिका | | |
| भूमिश्वर पोखेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | | |
| होमनाथ सुवेदी | जि.स. अधिकारी | जि.स. समिति, सर्लाही | | |
| उमेश कुमार यादव | वडाध्यक्ष | पर्सा गा.पा. वडा नं. ५ | | |



Scanned with CamScanner

उपस्थित हुनुभएका नगर प्रमुखज्यू, गाउँपालिकाको अध्यक्षज्यूबीच र श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबीच परिचय एवम् अन्तर्क्रिया भयो । स्थानीय सरकारप्रति जिल्ला प्रशासन कार्यालयको र जिल्ला प्रशासन कार्यालयप्रति स्थानीय सरकारको सहयोगको अपेक्षाको सम्बन्धमा अन्तर्क्रिया एवम् आवश्यक निर्णय गर्ने सहमति भयो । जिल्ला प्रशासन कार्यालय र सबै स्थानीय तहबीच सौहार्दपूर्ण सम्बन्धमा आधारित रही कार्य गर्ने सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

## निर्णय नं. १. समन्वय, सहकार्य र सहअस्तित्व सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. संविधानको धारा ५६ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनाको रूपमा रहेको संघीय सरकारको जिल्लास्थित मुख्य प्रतिनिधि संरचना जिल्ला प्रशासन कार्यालय र जिल्लाभित्रका सबै स्थानीय तहबीच सघन रूपले समन्वय र सहकार्य गर्ने ।

ख. संविधानको भाग २० धारा २३२ बमोजिम समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तबमोजिम कार्यसम्पादन गर्ने ।

ग. स्थानीय तहहरूबीच र जिल्ला प्रशासनबीच एकअर्कोको अस्तित्व एवम् आवश्यकतालाई स्वीकार र सम्मान गरी कार्य गर्ने/प्रस्तुत हुने ।

## निर्णय नं. २. सहयोग सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. जिल्ला प्रशासन कार्यालयले नगर प्रमुख/गाउँपालिका अध्यक्ष लगायतका राजनीतिक पदाधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय लगायतका सबै कर्मचारीहरूको सुरक्षाको बलियो प्रबन्ध मिलाउने ।

ख. नगरपालिका र गाउँपालिकाको कामकारवाही र योजना कार्यान्वयनमा आउने विवाद, झगडा र मनमुटावको स्थितिलाई जिल्ला प्रशासन कार्यालयले निष्पक्ष र तटस्थ भई समन्वय गरी सहज वातावरण सिर्जना गर्ने ।

ग. प्रमुख जिल्ला अधिकारीले स्थानीय सरकारको प्रशासनमा सुधार एवम् व्यवस्थित गर्न प्रमुख प्रशासकीय अधिकृतहरूलाई बैठक आयोजना गरी आवश्यक कार्य गर्ने ।

घ. स्थानीय सरकारले जिल्ला प्रशासन कार्यालयबाट जिल्लाभित्रको प्रशासन सुधार, सुशासन र उत्कृष्ट सेवा प्रवाहको सम्बन्धमा लिएको नीति कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने ।

ङ आवश्यकतानुसार एकापासमा सहयोग आदानप्रदान गर्ने ।

Scanned with CamScanner

## निर्णय नं. ३ गैरकानूनी कार्य र समाजमा अहित हुने कार्य रोकथाम सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. लागू औषध, घरेलु मदिरा, बोर्डरमा हुने मदिरा विक्री वितरण, महिला हिंसा र सामाजिक अपराधका सम्बन्धमा जिल्ला प्रशासनबाट कडा रूपमा निष्पक्ष र न्यायिक रूपले कारवाही गरिने । यसका लागि स्थानीय सरकारले उत्तिकै जिम्मेवार भई सहयोग गर्ने । सूचना दिने ।

ख. उपस्थित सबै स्थानीय तह प्रमुख/अध्यक्षज्यूको अनुरोध एवम् सहमतिमा मानव स्वास्थ्यका निमित्त घातक मानिने डिजे बाजा रोक्ने ।



Scanned with CamScanner